मध्यपश्चिम विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

पत्र संख्या:
चलानी नं.:

मिति: २०७९/०४/०५

## परीक्षा आवेदन फाराम भर्ने सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्धारा निम्नानुसार संकाय अन्तर्गत तपसिलका तह र सेमेस्टरको लागि लिइने सत्रान्त परीक्षाको परीक्षा फाराम खुलाइएको छ । सम्बन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फाराम भरी बुझाउनुहोला । परीक्षा फाराम www.muexam.edu.np को Online Exam form बाट अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फाराम भौतिक रुपमा पनि क्याम्पसमा बुझाउनुहोला ।

| संकाय | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| मानविकी र सामाजिकशास्त्र | स्नातकोत्तर | MA | प्रथम (MICD कार्यक्रम मात्र) |
| | स्नातक | BA | दोस्रो |
| व्यवस्थापन | स्नातकोत्तर | MBA | प्रथम |
| | स्नातक | BBS/BBA/BHM/BTTM | दोस्रो |
| शिक्षाशास्त्र | स्नातक | B.Ed. | दोस्रो |
| इन्जिनियरिङ्ग | स्नातक | BE Civil, Computer, Hydropower | दोस्रो |

पुनश्चः
१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित एवम् आंशिक तर्फका परीक्षार्थीहरुले परीक्षा फाराम भर्न सक्नेछन् ।
२) परीक्षा फाराम मिति २०७९ श्रावण ०५ गते देखि २०७९ श्रावण १९ गते सम्म नियमित शुल्क र २०७९ श्रावण २० गते देखि २०७९ श्रावण २२ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नुपर्नेछ ।
३) सम्बन्धित क्याम्पसले मिति २०७९ श्रावण २६ गते साँझ ५:०० बजे सम्म परीक्षा फाराम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नुपर्नेछ ।
४) परीक्षा फाराम पठाउदा Online Exam form list बाट प्राप्त sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनुपर्नेछ ।
५) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा क्याम्पस प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- ( अक्षरुपी चारसय मात्र ) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिनेछ ।
६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइनेछैन ।

2079-04-05
नरेन्द्र प्रकाश सावद
नि. परीक्षा व्यवस्थापन प्रमुख
नि. परीक्षा व्यवस्थापन प्रमुख

फोन नं.: +९७७-८३-५२३७९२ इमेल: info@muexam.edu.np वेभसाइट: www.muexam.edu.np